नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# भूमि व्यवस्थापन तथा अभिलेख विभाग
(योजना तथा अभिलेख शाखा)
बबरमहल, काठमाण्डौं।

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन:- ४२२५९८२
निर्देशक योजना:- ४२२६९८८
क.प्र.शाखा:- ४२६६४९३
आ.प्र.शाखा:- ४२६६४९३
पिए शाखा:- ४२२००२८

पत्र संख्या:- २०७५/०७६/योजना. ५५
चलानी नं.:- ९२८५

मिति:-२०७५।०९।०३

विषय:- विवरण उपलब्ध गराइदिनु हुन।

श्री मालपोत कार्यालय,
सबै।

उपरोक्त विषयमा नेपाल सरकारको आ.व. ०७५/०७६ को बजेट वक्तव्यको बँदा नं. ८६ मा **"सार्वजनिक तथा गुठी जग्गाको संरक्षण गरिनेछ"** भन्ने उल्लेख भए बमोजिम प्रत्येक कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रको सरकारी र सार्वजनिक जग्गाको विवरण अध्यावधिक गर्ने कार्यक्रम रहेको हुँदा सो कार्यक्रम आगामी चार महिना भित्र सम्पन्न हुने गरी तहाँ मातहतका कार्यालयहरुलाई काम अगाडि बढाउने र अध्यावधिक गर्ने कार्यको मासिक रुपमा प्रगति विवरण संकलन गरी यस मन्त्रालयमा पठाउने व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ भनी भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. ०७५/०७६/२(१) च.नं. ७४४ मिति २०७५/०८/३ को पत्रबाट लेखि आएकोले सो सम्बन्धमा तहाँ कार्यालयको कार्यक्षेत्र भित्रको सरकारी सार्वजनिक जग्गाको विवरण तयार गर्न कार्यालयबाट एउटा छुट्टै इकाई बनाई चार महिना भित्र सम्पूर्ण सरकारी सार्वजनिक जग्गाको विवरण पूर्ण रुपमा तयार गर्ने गराउने कार्यमा तदारुकताकासाथ लाग्न र सो कार्यको विभागबाट अनुगमन समेत हुने भएकोले अध्यावधिक विवरणको मासिक रुपमा प्रगति विवरण अनिवार्य रुपमा पठाउनु हुन आदेशानुसार अनुरोध गरिन्छ।

(रमेश कुमार कोइराला)
शाखा अधिकृत

वोधार्थ:-
श्री भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(योजना, अनुगमन तथा मूल्यांकन महाशाखा)
सिंहदरवार, काठमाण्डौ।
श्री भू-सूचना प्रविधि शाखा
भूमि व्यवस्थापन तथा अभिलेख विभाग:- (Website मा राखिदिनु हुन)